# गृहमन्त्रालयको सूचना

४८४५ फा २६ ०१३-६-१६-४

विशेष अदालत ऐन २०१३ को दफा २ को उपदफा १ र दफा ३.७ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित आदेश निकालेको छ।

सरकारले ३ जना सदस्य भएको पराती विशेष अदालतको गठन गरी सो अदालतको अध्यक्षमा पाल्ही माझखण्ड गोस्वाराका, बडाहाकिम सदस्यमा पराशी अमिनीका हाकिम र पाल्ही मालका हा. लाई मुकरर गरेको छ।

उक्त विशेष अदालतले परासी अमिनीमा ०१३ साल मार्ग १ गतेदेखि डायर भएका खून, डांका र चोरी मुद्दा झिकी र अरु पर्न आउने खून, डांका र चोरी मुद्दा लिई हेरी कारवाई गरी किनारा लगाउने गरी तोकिएको छ।

आज्ञाले—
माणिकलाल,
कामु सेक्रेटरी—गृहमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८